राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/५/२ गते बिहीबार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ५ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र. सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजुरी नं. | उजुरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सोरु गाउँपालिका-३, मुगु जिल्ला निवासी **समीता कुमाल, रमिता कुमाल** सहितका एकै घरका ८ जना बालबालिका आर्थिक अभावका कारण विद्यालय जानबाट बञ्चित भएको भनी विभिन्न समाचार माध्यमहरुबाट प्रकाशित समाचारलाई आधारमानी आयोगको स्वविवेकमा ग्रहण गरिएको उजुरी सम्बन्धमा । | १९३<br>२०७४ साल | शिक्षाको अधिकार | कुनै पनि बालबालिकाहरु आर्थिक अभावको कारण शिक्षाको अधिकारबाट वञ्चित हुन नदिनका लागि विशेष व्यवस्था मिलाउन केन्द्र, प्रदेश तथा स्थानीय सरकारहरुमा लेखि पठाउने । | |
| २ | सिन्धुली जिल्ला निवासी **मेघराज वि.क.** लाई मिति २०५५ साल असोज १७ गते तत्कालीन संयुक्त सुरक्षाफौजले माओवादीको आरोपमा घरबाटै पक्राउ गरी लगेको र स्थानीय खरा खोलामा परिवारका आफन्तले मृत अवस्थामा फेला पारेको हुँदा उचित क्षतिपूर्तिको लागि पहल गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा । | ८४<br>२०५५/६/१७ | हत्या | प्रस्तुत उजुरीमा घटनामा संलग्न भएका दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ३ | बाग्लुङ जिल्ला निवासी **यम बहादुर छन्त्याल**लाई सुरक्षाकर्मीले सामान खरिद गर्न भनी भिमगिठे गएको बेलामा पक्राउ गरी दुई दिनसम्म क्याम्पमा राखी तेस्रो दिन बुर्तिवाङ्ग ल्याई खाल्डो खन्न लगाई त्यही खाल्डोमा गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भन्ने उजूरीको सम्बन्धमा । | ६५२<br>२०५९/१/१ | हत्या | प्रस्तुत उजुरीमा घटनामा संलग्न भएका दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ४ | बाग्लुङ जिल्ला निवासी **अमृत दर्जी**लाई २०५८ सालमा सेनाले पक्राउ गरी शारीरिक र मानसिक यातना दिएकोले मानसिक सन्तुलन गुमाएको र सहयोगको लागि सम्बन्धित निकायमा जानकारी गराउदा कुनै सुनुवाई नभएको भन्ने उजूरीको सम्बन्धमा । | ३३६<br>२०५८ साल | यातना | प्रस्तुत उजुरीमा पीडित परिवारलाई रु. २,५०,०००। अक्षेरपी (दुई लाख पचास हजार) क्षतिपूर्ति तथा दोषी पहिचान गरी कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | दुर्गम क्षेत्रहरुमा अव्यवस्थित र अपारदर्शी रुपमा हवाई टिकट वितरण गर्ने गरेको कारणबाट व्यक्तिको मर्यादा सम्बन्धी अधिकार, स्वतन्त्र आवागमनको अधिकार, सूचनाको अधिकार, प्रजनन स्वास्थ्य तथा शिक्षासम्बन्धी अधिकारको चरम उल्लंघन हुन गएको भन्ने उजूरीको सम्बन्धमा । | ८३० २०६८ साल | उपभोक्ताको अधिकार | यस विषयमा अध्ययन प्रतिवेदनका आधारमा पहिला नै सिफारिस गरिसकिएको देखिंदा तामेलीमा राख्ने । | |
| ६ | जुम्ला जिल्ला निवासी **धनविरे रोकायालाई** तत्कालीन नेकपा माओवादीले जबरजस्ती बाटो बनाउन लगेकोमा उक्त बाटो बनाइरहेको अवस्थामा भिरबाट लडेर घटनास्थलमा नै मृत्यु भएको भन्ने उजूरीको सम्बन्धमा । | ९० २०६०/२/२८ | जीवनको अधिकार | क्षतिपुर्ति पाई सेकेको देखिंदा तामेलीमा राख्ने । | |

का. मु. सचिव